# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७, संख्याः ३, मितिः २०८०/१०/२८


## भाग-१

## शितगंगा नगरपालिका

शितगंगा नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०८० सालको ऐन नं. ३

### शितगंगा नगरपालिकाको विनियोजन ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** शितगंगा नगरपालिकाको गत आर्थिक वर्षमा सिर्जित दायित्व भुक्तानी गर्न तथा चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रमहरु सञ्चालनलाई सहज बनाउन शितगंगान गरपालिकाको विनियोजन ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले शितगंगा नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनबाट यो विधेयक बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम **शितगंगा नगरपालिकाको विनियोजन ऐन (पहिलो संशोधन)** २०८० हुनेछ । यो ऐन शितगंगा नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् प्रारम्भ हुनेछ ।

२. **विनियोजन ऐन, २०८० को दफा मा २ मा संशोधन** विनियोजन ऐन, २०८० को दफा २ को सट्टा देहाय बमोजिमको दफा राखिएको छ ।

"आर्थिक वर्ष २०८०।८१ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च समेत गरी जम्मा

रकम रु. ८७,२८,६६,००० (अक्षेरुपी सतासी करोड अट्ठाइ लाख छैसट्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. अनुसूची १ मा संशोधन गरी देहाय बमोजिम गरिएको छ ।

रु हजारमा

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | नगरकार्यपालिका, वडा र विषयगत समिति | ६३९०८६ | २३३७८० | ० | ८७२८६६ |

**प्रमाणीकरण मितिः २०८०/१०/२८**

आज्ञाले,
अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत